# नापी कार्यालय, कास्की ३ नं. नापी टोलीबाट जारी भएको

# जानकारी सम्बन्धी सूचना !!!

यस नापी कार्यालय, कास्की अन्तर्गतको ३ नं. नापी टोलीबाट आर्थिक वर्ष २०७६/०७७ देखि २०७७/०७८ सम्म जिल्ला कास्की, पोखरा महानगरपालिका वडा नं. १९ (साविक लामाचौर गा.वि.स वडा नं. ४, ५, ६, ७ मध्ये पुर्वमा पोखरा महानगरपालिका वडा नं. १६ सिमाना, पश्चिममा एल एन्जल विद्यालयको घुम्ती सम्म, उत्तरमा वन क्षेत्र र दक्षिणमा सेती खोला) भित्रका जग्गाहरुको पुन: नापनक्शा भई नापनक्शा सम्बन्धी सम्पुर्ण विवरण खोली ७ (सात) दिने सूचना प्रकाशन गरी सम्बन्धीत वडा कार्यालय र नापी कार्यालय, कास्की पोखरामा पठाईएको छ। उक्त नापजाँच सम्बन्धी विवरणमा कोही कसैको चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र (मिति २०८३/०२/१२ गते मंगलबार सम्म) आफ्नो जग्गाको सबुत प्रमाण लिई दावी उजुरी गर्न आउनु होला, तत्पश्चात प्रचलित कानुन बमोजिम जग्गा दर्ता कार्य सुचारु हुने व्यहोरा जानकारीको लागी अनुरोध छ।

**जग्गा दर्ताको लागि निवेदन साथ संलग्न गर्नुपर्ने कागजात:**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

२. जग्गाधनी दर्ता प्रमाणपुर्जाको प्रतिलिपि,

३. आफ्नो कित्ता स्पष्ट देखिने साविकको नक्साको प्रतिलिपि,

४. चालु आर्थिक वर्षको मालपोत बुझाएको रसिद वा प्रमाणको प्रतिलिपि,

५. अन्य कुनै प्रमाण भए सो समेत।

*पुनश्च: ३ नं. नापी टोलीको मुकाम नापी कार्यालय, कास्की परिसर भित्र रहेको छ।*

ईति सम्वत् २०८३ साल जेठ महिनाको ६ गते रोज ४ शुभम्।

ने.स. ११४६, अनालाथ्व चतुर्थी